# सिम्रौनगढ़ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ़, बारा, मधेश प्रदेश


पत्र संख्या.: ०८३/०८४

चलानी नं.: ८

मिति: २०८३/०४/०४

## दोस्रो पटकको सूचना प्रकाशन मिति: २०८३/०४/०४

श्री सबै वडा कार्यालय,

सिम्रौनगढ,बारा ।

विषय: भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

उपरोक्त विषयमा भूमि व्यवस्था, सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमि समस्या समाधान समितिको मिति २०८३/०४/०४ को प्राप्त पत्रका अधारमा भूमि समस्या समाधान समितिले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन समितिले तोकेको ढाँचामा बमोजिम निवेदन फारमभरी मिति २०८३/०४/०४ देखि ३५ दिन भित्र लगत संकलक मार्फत पेस गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै भूमि व्यवस्था, सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयको भूमि समस्या समाधान समिति ताहाचल काठमाडौंको पत्र यसै साथ संलगन राखेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

०८३/०४/०४

.............................

नवराज अधिकारी

प्रमुख शासकीय अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# भूमि समस्या समाधान समिति

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना

### अन्तिम पटकको सूचना प्रकाशन मितिः २०८३/०४/०४

भूमि समस्या समाधान समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय अनुसारका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन समितिले तोकेको ढाँचाबमोजिम निवेदन फाराम भरी मिति २०८३/०४/०४ देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरुमा खटिएका लगत संकलक मार्फत पेस गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः लगत संकलनको दोस्रो पटकको सूचना प्रकाशन भइसकेका स्थानीय तहको हकमा यो सूचना अन्तिम पटकको सूचना हुनेछ ।

तपसिल

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| कोशी | उदयपुर | ताप्ली गाउँपालिका, लिम्चुङबुङ गाउँपालिका |
| | सुनसरी | गढी गाउँपालिका |
| | खोटाङ | वराहपोखरी गाउँपालिका, जन्तेढुङ्गा गाउँपालिका |
| मधेश | सिराहा | भगवानपुर गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, सुखिपुर नगरपालिका, बरियारपट्टी गाउँपालिका, सखुवानान्कारकट्टी गाउँपालिका |
| | सर्लाही | रामनगर गाउँपालिका, मलंगवा नगरपालिका, कौडेना गाउँपालिका, बलरा नगरपालिका, विष्णु गाउँपालिका, गोडैटा नगरपालिका, धनकौल गाउँपालिका |
| | बारा | सिम्रौनगढ नगरपालिका, परवानीपुर गाउँपालिका, देवताल गाउँपालिका, विश्रामपुर गाउँपालिका, करैयामाई गाउँपालिका, कलैया उपमहानगरपालिका (प्रथम पटक) |
| बागमती | रसुवा | गोसाईकुण्ड गाउँपालिका |